नेपाल दूरसंचार प्राधिकरण
कमलादी, काठमाडौं

# सूचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यवस्थापन कार्यविधि,२०७५

२०७५ मंसीर

# सूचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७५

**प्रस्तावनाः** सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट ग्रामिण क्षेत्रको आर्थिक तथा सामाजिक विकास गरि जीवनस्तर माथि उठाउन प्रशस्त सम्भावना र अवसरहरु रहेको हुँदा सूचना प्रविधिलाई दिगोविकासका लक्ष्यहरु प्राप्त गर्न एक महत्वपूर्ण औजारको रुपमा प्रयोग गर्न सकिन्छ । यस प्रविधिको विकासमा धनी र गरिब बिचको खाडललाई न्यूनिकरण गरी प्रविधिको पहुँच र प्रयोगवाट प्राप्त हुने लाभांस ग्रामीण भेगका दुर्गम क्षेत्रसम्म पुऱ्याउने मूल लक्ष्य राखी स्थानीय सरकारसँगको सहकार्यमा सूचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यवस्थापन गर्न यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सूचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यवस्थापन कार्यविधि,२०७५" रहेको छ।

(२) यो कार्यविधि संचार तथा सूचना प्रविधि मन्त्रालयवाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले संचार तथा सूचना प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(ख) "प्राधिकरण" भन्नाले नेपाल दूरसंचार प्राधिकरण सम्झनुपर्छ ।

(ग) "स्थानीय निकाय" भन्नाले नेपालको संबिधान अनुसारका गाउँपालिका तथा नगरपालिकाहरु सम्झनुपर्छ ।

(घ) "केन्द्र" भन्नाले सूचना प्रविधि सेवा केन्द्र सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले निर्देशक समिति सम्झनुपर्छ ।

(च) "कार्यक्रम" भन्नाले सूचना प्रविधि सेवा केन्द्र बनाउनको लागि सञ्चालित सूचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यवस्थापन कार्यक्रम सम्झनुपर्छ ।

३. **कार्यक्रम सञ्चालनका आधारहरुः** सूचना प्रविधि सेवा केन्द्र बनाउन सञ्चालित कार्यक्रमका आधारहरु देहाय बमोजिम हुनेछन ।

क) स्थानीय निकायहरुमा सूचना प्रविधिको पहुँच अभिवृद्धि गरी सूचना प्रविधिको प्रयोगमा भएको विभेद (Digital Divide) लाई न्यूनिकरण गर्ने ।

ख) सूचना प्रविधिको प्रयोग गरी नेपाल सरकारबाट प्राप्त हुने सरकारी सेवाहरु केन्द्रको प्रयोग गरि स्थानीयस्तर सम्म पुऱ्याउने ।

ग) सूचना प्रविधिको प्रयोग गरी स्थानीयस्तरमा संचालित व्यावसायिक, कृषि, पर्यटकीय महत्वका ठाउँहरु एवम् स्थानीय उत्पादन लगायतका क्षेत्रको विकास, विस्तार तथा प्रवर्द्धन गर्ने ।

घ) प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी देश विकासमा सकारात्मक भूमिका खेल्ने।

ङ) सूचना प्रविधिको माध्यमबाट e-health, e-education, e-agriculture, e-governance, e-finance लगायतका सेवाहरु स्थानीयस्तर सम्म पुर्याउने।

## परिच्छेद – २

## सूचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यवस्थापन सम्वन्धी व्यवस्था

**४. निर्देशक समितिको गठनः** सूचना प्रविधि सेवा केन्द्र स्थापना तथा व्यवस्थापन गर्ने कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गर्न आवश्यक अध्ययन,अनुसन्धान तथा परामर्श, अनुगमन तथा निर्देशनको लागि देहाय बमोजिमको निर्देशक समिति गठन गरिनेछ र आवश्यकतानुसार समितिले विज्ञ प्रतिनिधिलाई आमन्त्रितको रुपमा बोलाउन सक्नेछ।

(क) सह-सचिव, सूचना प्रविधि महाशाखा, संचार तथा सूचना प्रविधि मन्त्रालय - संयोजक

(ख) प्रतिनिधि, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (रा. प्र. प्रथम श्रेणी) -सदस्य

(ग) निर्देशक, सूचना प्रविधि विभाग, नेपाल दूरसंचार प्राधिकरण - सदस्य

(घ) उपसचिव, सूचना प्रविधि कार्यान्वयन तथा समन्वय शाखा, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य

(ङ) उप-निर्देशक, प्रविधि अनुसन्धान शाखा, नेपाल दूरसंचार प्राधिकरण - सदस्य-सचिव

निर्देशक समितिको बैठक संयोजकको निर्देशनमा तोकिएको समय र स्थानमा सदस्य सचिवले बोलाउने छ र उक्त समितिलाई प्राधिकरणले नियमानुसार बैठक भत्ता उपलब्ध गराइनेछ ।

५. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः-** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) यस कार्यविधिमा तोकिएका मापदण्ड र आधारहरुको सिमाभित्र रही सम्बन्धित स्थानीय निकायसँगको समन्वयमा कार्यक्रम लागू गरिने स्थानीय निकायहरु छनौट गरी अन्तिम स्वीकृतिको लागि प्राधिकरणमा पेश गर्ने ।

ख) सूचना प्रविधि सेवा केन्द्रको लागि आवश्यक उपकरणहरू, यसको स्पेसिफिकेशन र अनुमानित लागत तयार गरी स्वीकृतिको लागि प्राधिकरणमा पेश गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनको लागि स्थानीय निकाय र सम्बन्धित मन्त्रालयसँग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

घ) कार्यक्रमको सफल कार्यन्वयनको लागि आवश्यक राय, सुझाव सहित प्राधिकरणमा प्रतिवेदन पेश गर्ने ।

६. **प्राधिकरणको काम, कर्तव्य र अधिकारः-** कार्यक्रम कार्यान्वयनमा प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) निर्देशक समितिवाट सिफारिस भएका सूचना प्रविधि सेवा केन्द्र स्थापना हुने स्थानीय निकायहरु स्वीकृत गर्ने |

ख) सूचना प्रविधि सेवा केन्द्रको लागि आवश्यक उपकरणहरू, सोको स्पेसिफिकेसन र अनुमानित लागत स्वीकृत गर्ने।

ग) स्वीकृत मापदण्ड भित्र रही कार्यक्रमका लागि तोकिएका उपकरण तथा सफ्टवेयर खरिद सम्बन्धी कार्य गर्ने ।

घ) कार्यक्रम सञ्चालनको लागि तोकिएका हार्डवेयर तथा सफ्टवेयर सम्बन्धित स्थानीय स्तरसम्म पुऱ्याई सेटअप, जडान तथा नेटवर्किङको व्यवस्था गर्ने ।

ङ) ब्रोडव्याण्ड ईन्टरनेट कनेक्टिभिटीको व्यवस्था गर्ने |

च) क्षमता अभिवृद्धि सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्ने ।

छ) प्रभावकारी रूपमा कार्यक्रम लागू भए/नभएको नियमित अनुगमन तथा मूल्यांकन गर्ने ।

ज) समितिवाट नियमित रुपमा कार्यक्रमको प्रगति प्रतिवेदन लिई उक्त कार्यक्रमको सफल कार्यन्वयन गर्न आवश्यक कार्य गर्ने ।

७. **स्थानीय तहको काम, कर्तव्य र अधिकारः-** कार्यक्रम कार्यान्वयनमा स्थानीय तहको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:

क) स्थानीय निकायलाई सूचना प्रविधि मैत्री बनाउनको लागि आवश्यक भौतिक पूर्वाधारहरुको व्यवस्था गर्ने ।

ख) कार्यक्रम लागू भैसकेपछि सोको प्रभावकारीरुपमा व्यवस्थापन तथा सञ्चालन गर्ने ।

ग) केन्द्र सञ्चालनको लागि उपयुक्त स्थान/कोठाको व्यवस्था गर्ने ।

घ) केन्द्रको लागि आवश्यक फर्निचर, फर्निसिङ लगायतका भौतिक पूर्वाधारको व्यवस्थापन एवं सुरक्षाको प्रबन्ध गर्ने ।

ङ) कार्यक्रम सञ्चालनको लागि आवश्यक दक्ष जनशक्तिको व्यवस्था गर्ने ।

च) सर्वसाधारण जनताले न्यूनतम सेवा शुल्कमा प्रयोग गर्न पाउने व्यवस्था गर्ने।

छ) केन्द्रको स्थापना, संचालन र प्रयोगका सम्बन्धमा नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालय र प्राधिकरणबाट हुने निर्देशनहरु पालना गर्नुपर्ने ।

ज) स्थानीय स्तरबाट उपलब्ध गराईने सेवाहरु जनस्तर सम्म प्रभावकारी रुपमा पुर्याउनको लागि सेटअप गरिएका उपकरणहरुको अधिकतम प्रयोग गर्ने ।

झ) यस कार्यक्रमको लागि उपलव्ध गराईएका उपकरणहरुको मर्मत सम्भार, सुरक्षा, संरक्षण एवं आवश्यक भएमा थप उपकरणको व्यवस्था गर्ने ।

ञ) नेपाल सरकार, मन्त्रालय, सूचना प्रविधि विभाग लगायतका अन्य सरकारी निकायले उपलब्ध गराएका सूचना प्रविधि सम्बन्धी सामाग्रिहरु (जस्तैः टेम्प्लेट) प्रयोगमा ल्याउनु पर्ने र विभिन्न समयमा जारी गरेका तथा गरिने निर्देशिका (जस्तैः ईमेल निर्देशिका) कार्यान्वयनमा ल्याउनु पर्ने।

ट) असल शासन (Good Governance) को लागि सरकारले प्रवाह गरेका सेवाहरु अनिवार्य रुपमा कार्यान्वयनमा ल्याउनु पर्ने।

ठ) केन्द्रको व्यवस्थापनको लागि सम्पर्क व्यक्ति (Focal Person) तोक्ने र सोको जानकारी प्राधिकरणलाई गराउने ।

ड) नियमित रुपमा प्राधिकरण र सम्बन्धित स्थानीय तहलाई कार्यक्रमको प्रगति प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद – ३

## स्थानीय निकाय छनौट सम्बन्धी व्यवस्था

८. **स्थानीय निकाय छनौटका आधार :** केन्द्र स्थापना गरी सञ्चालन गर्नको लागि देहायको आधारमा स्थानीय निकायहरु छनौट गरिनेछ ।

क) हालसम्म पनि ईन्टरनेट सेवा नपुगेका स्थानीय तहहरुलाई विशेष प्राथामिकता दिनुपर्ने छ ।

ख) दुर्गम तथा पिछडिएका क्षेत्रहरुलाई प्रमुख प्राथामिकता दिनुपर्ने छ ।

ग) पक्की भवन, फर्निचर लगायतका भौतिक पूर्वाधारहरु तथा सुरक्षाको राम्रो व्यवस्था भएको हुनुपर्नेछ।

घ) विभिन्न कारणले पिछडिएको वर्ग/समुदाय र आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु बसोवास गर्ने स्थानीय तहलाई विशेष प्राथमिकता दिइनेछ।

ङ) सकेसम्म विद्युत आपुर्ति भएको हुनुपर्नेछ ।

च) सूचना प्रविधि सम्बन्धी दक्ष जनशक्तिको व्यवस्था भएको हुनुपर्नेछ वा स्थानीय स्तरबाट गराउने प्रतिवद्धता प्राप्त भएको हुनुपर्नेछ ।

छ) केन्द्र स्थापना भइसकेपछि सोको सफल कार्यान्वयन तथा दिगोपनाको लागि आवश्यक श्रोतको व्यवस्था गर्न सक्ने र अपनत्वको साथ कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन गर्न स्थानीय निकायको प्रतिवद्धता पत्र रहेको हुनुपर्नेछ।

ज) केन्द्र स्थापनाकोलागि आवश्यक उपकरणहरु जस्तैः कम्प्युटर, ईन्टरनेट, फोटोकपी, र प्रिन्टर नभएका स्थानीय तहहरुलाई प्राथमिकता दिइनेछ ।

९. **सूचना प्रकाशन गर्नुपर्ने :** प्राधिकरणले सूचना प्रविधि सेवा केन्द्र कार्यक्रम लागू गर्नको लागि दफा ८ मा उल्लेखित मापदण्डहरु पूरा गर्ने स्थानीय निकायहरुसँग प्रस्ताव माग गर्न राष्ट्रिय दैनिक पत्रिकामा कम्तिमा १५ दिनको समय दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

१०. **स्थानीय निकाय छनौट गर्नुपर्ने :** निर्देशक समितिले स्थानीय निकायहरुबाट प्राप्त प्रस्तावहरुको अध्ययन गरी तोकिएको मापदण्ड पूरा गर्ने स्थानीय निकायहरुमध्येबाट आवश्यक संख्यामा स्थानीय निकाय छनौट गरी प्राधिकरणमा पेश गर्नेछ ।

थप आवश्यक संख्यामा प्रस्ताव पेश हुन नआएमा निर्देशक समितिले सेवा प्रयोजना थप स्थानीय तहहरुको पहिचान गरी प्राधिकरणमा पेश गर्नेछ।

११. छनोटको सूची : छनोट भएका सथानीय तहको सूची राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गर्नुपर्नेछ। सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र छनोट भएका स्थानीय तहले प्राधिकरणमा सिधै वा इमेल वा फयाक्स वा आधिकारीक व्यक्ति (स्थानीय तह प्रमुख वा उपप्रमुख) को मोवाइलबाट SMS गरी सम्पर्क गर्नुपर्नेछ। तोकिएको समयभित्र सम्पर्क नगर्ने स्थानीय तह छनोट सूचीबाट स्वतः हटी प्रतिक्षासूचीको वर्णाक्रमानुसारको स्थानीय तह स्वतः छनोट हुनेछ।

## परिच्छेद – ४

## सूचना प्रविधि सेवा केन्द्रको लागि आवश्यक उपकरणहरु सम्वन्धी व्यवस्था

१२. सामाग्रीहरुको सेट अप गर्नुपर्ने : प्राधिकरणले छनौट भएका प्रत्यक स्थानीय निकायहरुमा केन्द्र स्थापनाको न्यूनतमरुपमा आवश्यक पर्ने लागि देहाय वमोजिमका सामग्रीहरु सेटअप गर्नुपर्नेछ ।

क) ल्यापटप - १ वटा

ख) डेस्कटप कम्प्यूटर - ३ वटा

ग) फोटोकपी (Heavy Duty) - १ वटा

घ) मल्टिफङ्शन प्रिन्ट/कपि/स्क्यान - १ वटा

ङ) प्रोजेक्टर (पर्दा सहित) - १ वटा

च) साउण्ड सिस्टम - १ वटा

छ) 750 VA UPS System (कम्प्यूटरको लागि) - ३ वटा

ज) अन्य आवश्यक उपकरणहरु

झ) नेटवर्क उपकरणहरुः इन्टरनेट जडान गरी केन्द्र संचालन गर्न र सबै उपकरणहरुलाई विद्युत आपूर्तीको व्यवस्था मिलाउन प्राधिकरणले आवश्यक उपकरणहरु (जस्तैः Wireless Router, Power Distribution Unit, Cat 6 Network Cable, Electrical Cable आदि) प्रयोग गरी Power Cabling सहितको केन्द्रको नेटवर्किङ गर्नुपर्नेछ ।

ञ) **सोलार पावर सम्वन्धी व्यबस्था :** विद्युत नपुगेको र यो कार्यक्रम सम्पन्न हुँदासम्म समेत नपुग्ने भएमा केन्द्र सञ्चालनको लागि बुँदा नं. ११ को (छ) मा उल्लेख भएका उपकरणहरुको सट्टामा Solar Power को व्यवस्था गर्नुपर्नेछ।

## परिच्छेद – ५

## विविध

१३. **तालीम प्रदान गर्नुपर्ने :** प्राधिकरणले केन्द्र स्थापनाको लागि उपकरणहरुको सेटअप गरिसकेपछि कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनको लागि सम्बन्धित प्राविधिक जनशक्तिलाई आवश्यक तालीमको व्यबस्था गर्नुपर्नेछ।

१४. **हस्तान्तरण गर्नुपर्नेः-** केन्द्र स्थापना भैसकेपछि सम्बन्धित स्थानीय निकायलाई कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनको सम्पूर्ण जिम्मेवारी लिने गरी हस्तान्तरण गर्नुपर्नेछ।

१५. **खारेजी सम्बन्धी व्यवस्थाः** विद्यालय छनोट भएतापनि, छनोट प्रक्रियामा झुठ्ठा विवरण पेश गरेको ठहरेमा वा निर्देशन पालना नगरेमा प्राधिकरणले सम्बन्धित स्थानीय तहको कार्यक्रम खारेज सम्म गर्न सक्नेछ।

१६. **अनुगमन तथा मूल्यांकनः-** प्राधिकरणले केन्द्र स्थापना गरी कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन गर्न हस्तान्तरण गरिसकेपछि सम्बन्धित स्थानीय निकायले यस कार्यविधि बमोजिम कार्य गरे नगरेको सम्बन्धमा समय समयमा अनुगमन तथा मूल्यांकन गर्नुपर्नेछ।

१७. **कार्यविधिको व्याख्या गर्न सक्ने :** यस कार्यविधिको कार्यान्वयनमा देखिएका समस्या वा द्विविधाका सम्वन्धमा निर्देशक समितिले व्याख्या गरी समाधान गर्न सक्नेछ ।

१८. **संशोधन सम्वन्धी व्यवस्थाः-** संचार तथा सूचना प्रविधि मन्त्रालयवाट आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।